अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।११।०४ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

साझा प्रकाशनमा कार्यरत सहायक चतुर्थ तहका कुवेर प्रसाद उपाध्यायले सेवा र पदोन्नतिका लागि आवश्यक शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेश गरी संस्थामा काम गर्दै आएको भन्ने प्रतिवेदनउपर अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड पटना भरतबाट मध्यमा तहको परीक्षा पास गरेको झुठ्ठा तथा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी साझा प्रकाशन शाखा कार्यालय वीरगंजमा सहायक चतुर्थ पदमा नियुक्ति लिई लाभसमेत लिएको देखिंदा निज कुवेर प्रसाद उपाध्यायको उक्त कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निज कुवेर प्रसाद उपाध्यायलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला